सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान, कर्णाली प्रदेश, नेपाल

## झोलुङ्गे पुलको निर्माण सामग्री आपूर्तिसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६।०८।०१

१. यस गाउँपालिका अन्तरगत तपसिलका झोलुङ्गे पुल निर्माण सामग्रीहरु आपूर्ति कार्यका लागि नेपालमा रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभागबाट जारी गरिएको मौजुदा सूचीमा रहेका आधिकारीक उत्पादक कम्पनीहरुले मात्र देहाय बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वक शिलबन्दी दरभाउपत्र खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | विवरण | लागत रकम भ्याट बाहेक रु | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु |
|---|---|---|---|---|
| SKRM-GOODS-TB-01-076/077 | Fabrication of suspended bridge in Salghari, Salyan. | ६५२७८३.९१ | १००० | २०००० |

२. सूचना प्रकाशित भएको मिति देखि १५औं दिन अर्थात २०७६/०८/१६ गतेसम्म कार्यालय समय भित्र बोलपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजत पत्र, मूल्य अभिवृध्दिकर(VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखानम्बर(PAN) को प्रमाणपत्र आ.व. २०७५/७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७५/०७६ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र यस कार्यालयमा **सिलबन्दी** बोलपत्र खरिद तथा दाखिला गर्न (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने (फिर्ता नहुने) लक्ष्मी बैंक लिमिटेड, शाखा कार्यालय, सिद्ध कुमाख गाउँपालिका ढोरचौर, सल्यानमा रहेको राजस्व खाता नं. ०८६१ प१००००५५ मा रकम जम्मा गरी **सिलबन्दी** बोलपत्र फारम यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्रदाताले स्पष्टरुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मिति देखी १६औं दिन अर्थात २०७६/०८/१७ गते १२:००बजेभित्र यस कार्यालयमा उपस्थित भई **सिलबन्दी** बोलपत्र दर्ता गरिसक्नु पर्नेछ।

४. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस कार्यालयको लक्ष्मी बैंक लिमिटेड ,शाखा कार्यालय, सिद्ध कुमाख गाउँपालिका ढोरचौर, सल्यानमा रहेको धरौटी खाता नं. ०८६११०००००८२ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालय को नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानी पत्र( Unconditional Bid Bond) **सिलबन्दी** बोलपत्र साथ पेश गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानी पत्र यो सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा **सिलबन्दी** बोलपत्र दाखिला गर्ने अन्तिम दिन अर्थात २०७६/०८/१७ गते दिउँसो २:००बजे **सिलबन्दी** बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

६. रित नपुगेका र म्याद नाघि आएका **सिलबन्दी** बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

७. दर्ता हुन आएका **सिलबन्दी** बोलपत्रहरु स्वीकृत गर्ने, आंशिकरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु **सिलबन्दी** बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४( संसोधनसमेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन्।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

***नोटः Fabricated गरेकोले मात्र दरभाउपत्र खरिद गर्न सकिनेछ (कम्पनी Fabricated मा सूचीकृत भएको हुनुपर्नेछ ।***

**प्रमुख प्रशासकीय अधिकृत**